आज मिति २०७८/०२/२१ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख श्री ईश्वर नारायण मानन्धर ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको प्रथम पूर्ण बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री ईश्वर नारायण मानन्धर...................नगर प्रमुख
श्री कमला बस्नेत ...........................नगर उपप्रमुख
श्री मान बहादुर खड्का.....................प्रमुख प्रसाशकीय अधिकृत
श्री माधव थामी ............................वडा अध्यक्ष भी.न.पा. १
श्री स्टालिन श्रेष्ठ ....................... ...वडा अध्यक्ष भी.न.पा. २
श्री हरिसरण शिवाकोटी ......... .....वडा अध्यक्ष भी.न.पा. ३
श्री तारानाथ चौलागाई .............. ... वडा अध्यक्ष भी.न.पा. ४
श्री बासु श्रेष्ठ ................ ...... .... वडा अध्यक्ष भी.न.पा. ५
श्री नबिन कुमार लामा ...................वडा अध्यक्ष भी.न.पा. ६
श्री बिनोद लामा ... .............. .......वडा अध्यक्ष भी.न.पा. ७
श्री काजी बुढाथोकी . ...................वडा अध्यक्ष भी.न.पा. ८
श्री हिमाल श्रेष्ठ ...........................वडा अध्यक्ष भी.न.पा. ९
श्री गोपाल बहादुर थामी ............. कार्यपालिका सदस्य
श्री मुना श्रेष्ठ ............................. कार्यपालिका सदस्य,
श्री गोरे सार्की .:.........................कार्यपालिका सदस्य,
श्री मिना बिश्वकर्मा ................ कार्यपालिका सदस्य,
श्री सुशिला थापा ........... ..........कार्यपालिका सदस्य,
श्री खेम कुमारी श्रेष्ठ ............... कार्यपालिका सदस्य,
श्री भीम बहादुर भुजेल ............ कार्यपालिका सदस्य,
श्री किरण वली.......................... कार्यपालिका सदस्य,
श्री माधव प्रसाद सुबेदी .................प्रशासकीय अधिकृत, बैठक ब्यबस्थापक

२०७८/२/२२

प्रमुख प्रशासकीय अधिकृत
भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

## प्रथम कार्यपालिका बैठकका प्रस्तावहरु

१ नवनिर्वाचित कार्यपालिकाका महिला र समावेसी सदस्यहरुलाई स्वागत गर्ने

२ नगर कार्यपालिकाका सदस्यहरु र भीमेश्वर नगरपालिका अन्तर्गत कार्यरत राष्ट्रसेवकहरु बीच अन्तरक्रियात्मक परिचय गर्ने

३ नगरपालिकाबाट हालसम्म सम्पादित कार्यको शाखागत रुपमा संक्षिप्त जानकारी गराउने ।

४ नगर कार्यपालिका बैठकको आचारसंहिता स्वीकृत गर्ने

**निर्णय नं. १:-** स्थानीय तहको निर्वाचन २०७९ अन्तर्गत यस नगरपालिकामा मिति २०७९/२/१९ गते निर्वाचित हुनुहुने कार्यपालिकाका (महिला र दलित / अल्पसंख्यक ) सदस्यहरुलाई स्वागत गरियो । साथै दलित अल्पसंख्यक सदस्यहरुलाई पद तथा गोपनियताको सपथ गराईयो ।

**निर्णय नं. २:-** नव निर्वाचित नगर कार्यपालिकाका सदस्यहरु र भीमेश्वर नगरपालिका अन्तर्गत कार्यरत राष्ट्रसेवकहरु बीच परिचयात्मक अन्तरक्रिया, तथा शाखागत रुपमा हालसम्म सम्पादन गरिएका कार्यहरुको प्रगति (स्थिति) प्रस्तुतीकरण गरियो ।

**निर्णय नं.३** :- यस नगरपालिकाको आ.व. ०७९/८० को पूर्व योजना तर्जुमा गोष्ठी वडा अधयक्ष नगर कार्यपालिकाका सदस्य, कर्मचारीहरु र वडा कार्यालयका कर्मचारीहरु समेतको सहभागितामा सम्पन्न गरियो साथै आ.व. ०७९/८० योजना तर्जुमाको लागि तपशिल बमोजिमको कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

२०७९/२/२२

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

तपशिल

| क्र.स. | कार्यक्रम | मिति | स्थान | जिम्मेवारी | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| १ | **वडा योजना तर्जुमा** | **२०७८/०२/२९,३०,३१** | **सम्बन्धित वडा कार्यालय र वडाका टोलहरु** | ई.सुरेश राउत<br>ई.रामजी थापा<br>ई.नारायण शिवाकोटी | वडानं. १,२,८<br>वडा नं.३,४,९<br>वडा नं.५,६,७ |
| २ | राजश्व परामर्श समितिको बैठक | २०७८/०२/२६ र २७ | महांकाल सदन | जगदीश अर्याल | २६ गते दिनको ३:०० बजे<br>२७ गते बिहान ७ :०० बजे |
| ३ | कुल बजेट सिमा निर्धारण समिति बैठक | २०७८/०२/ २८ | महांकाल सदन | नगर प्रमुख /प्र.प्र.अ | बिहान ७ :०० बजे |
| ४ | **वडा बजेट प्राथमिकीकरण** | २०७८/०३ / ०१ | **सम्बन्धित वडा कार्यालय** | प्राबिधिक प्रमुख, वडा अध्यक्ष /आप्र शाखा | बिहान ८ :०० बजे |
| ५ | कार्यक्राम नगरपालिकामा पेश गर्ने | २०७८/०३ / ०२ | नगरपालिका कार्यालय | वडा अध्यक्ष /<br>ई.सुरेश राउत<br>ई.रामजी थापा<br>ई.नारायण शिवाकोटी | बिहान १० :०० बजे |
| ६ | विषयगत समिति बैठक र विषयगत योजना प्राथमिकीकरण | २०७८/०३ / ०३ र ४ गते | नगरपालिका कार्यालय | विषयगत समितिका पधाधिकार / सदस्य सचिवहरु | बिहान १० :०० देखि ५:०० बजे सम्म |
| ७ | **बजेट तथा कार्यक्रम तर्जुमा समिति** बैठक | २०७८/०३ / ०५ | महांकाल सदन | उपप्रमुख /भौतिक योजना प्रमुख | बिहान ७ :०० बजे |
| ८ | एकीकृत योजना तर्जुमा समिति | २०७८/०३ / ०५ | महांकाल सदन | कार्यपालिका | दिनको २ :०० बजे |
| ९ | योजना निर्माण अन्तिम तयारी | २०७८/०३ / ०६ र ७ गते | महांकाल सदन | शाखा प्रमुखहरु | दिनको २ :०० बजे |
| १० | कार्यपालिका बैठकमा छलफल र निर्णय | २०७८/०३ / ०८ गते | महांकाल सदन | कार्यपालिका | बिहान ७ :०० बजे |
| ११ | सभामा नीति तथा कार्यक्रम पेश | २०७८/०३ / ०९ गते | भीमेश्वर सदन | प्रमुख/उपप्रमुख | दिनको २ :०० बजे |
| १२ | नगर सभा समक्ष आर्थिक विधयेक २०७९ र बिनियोजन विधेयक २०७९ प्रस्तुत गर्ने | २०७८/०३ /१० गते | भीमेश्वर सदन | उपप्रमुख | बिहान ११:०० बजे |

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट

**निर्णय नं. ४ :-** :- नगर कार्यपालिका बैठक संचालनका लागि देहाय बमोजिमको आचारसंहिता स्वीकृत गर्ने निर्णय गरियो ।

## कार्यपालिका बैठकका आचार संहिता

१. बैठक बस्ने विषयहरु सहित बैठक शुरु हुनु भन्दा ४८ घण्टा अगावै जानकारी सचिवालयमा लिखित रुपमा दर्ता गराउने । बैठक शुरु हुनु भन्दा कम्तिमा २४ घण्टा अगावै बैठकका विषयहरु सहित कार्यपालिका सदस्यहरुलाई जानकारी दिने ।

२. एजेण्डा भन्दा बाहिरका विषयमा बैठकमा छलफल गर्ने निरुत्साहित गर्ने । अन्य विषय भएमा बैठकको अन्त्यतिर अध्यक्षले समय उपलव्ध गराए पछि सो समयमा छलफलमा ल्याउने ।

३. निर्धारित समयलाई मध्यनजर गरी अध्यक्ष प्रवेश गर्नु अगावै सदस्यहरु बैठक कक्षमा प्रवेश गर्ने

४. विशेष परिस्थिति परी कार्यपालिका बैठकमा उपस्थित हुन नसक्ने अवस्थामा नगर प्रमुखलाई पूर्व जानकारी गराउने ।

५. बैठकमा विचार राख्नका लागि हात उठाएर अध्यक्षसँग समय लिने । अध्यक्षबाट बोल्ने क्रम र समय उपलव्ध भएपछि उठेर अध्यक्षलाई सम्वोधन गरी निर्धारित समयभित्र आफ्नो विचार राख्ने । बैठकमा व्यक्त विचार लिखित रुपमा समेत उपलव्ध भएमा राम्रो हुने ।

६. बैठक कक्षबाट बाहिर जानु परेमा अध्यक्षको अनुमति लिएर जाने ।

७. बैठक अवधिमा मोवाईल भाइब्रेसन वा शान्त अवस्थामा राख्ने ।

८. बैठकका निर्णयहरु बैठक सकिएको २४ घण्टा भित्र प्रमाणित गरी वेवसाईटमा राख्ने, सार्वजनिक गर्ने

९. बैठकका निर्णयहरु प्रवक्ता मार्फत सार्वजनिक गर्ने ।

१०. बैठकको पहिलो प्रस्ताव अघिल्लो बैठकको प्रगति समीक्षा हुने ।

११. व्यवस्थापनका लागि प्रशासन शाखालाई जिम्मेवारी दिने । विषय बस्तु प्रष्ट पार्न आवश्यकता अनुसार अध्यक्षको निर्देशन बमोजिम शाखा प्रमुखहरु बैठकमा उपस्थित गराउन सकिने ।

१२. बैठकमा सम्भव भएसम्म औपचारिक पोशाकमा उपस्थित हुने ।

१३. बैठक कक्षभित्र मर्यादित, शिष्ट र औपचारिक भाषाको प्रयोग गर्दै सबैको विचारलाई सम्मान गर्ने

१४. वडा नं. ४ का वडा अधयक्ष श्री तारानाथ चौलागाईंलाई कार्यपालिकाको प्रवक्ता तोक्ने र कार्यपालिका बैठकका निर्णयहरु प्रवक्ता मार्फत सार्वजनिक गर्ने ।

१५. आचार संहिता अनुगमन गर्न तपशिलको अनुगमन समिति गठन गर्ने ।

| | |
|---|---|
| क) श्री स्टालिन श्रेष्ठ, २ नं वडा अध्यक्ष | संयोजक |
| ख) श्री सुशिला थापा, महिला सदस्य | सदस्य |
| ग) गोपाल बहादुर थामी, दलित, अल्पसंख्यक सदस्य | सदस्य |

२०७८।१२।२२

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत